मिति:२०७८-०९-२३

निजामती कर्मचारी अस्पताल
दर्ता नं २४६
मिति २०७८।०९।२३

श्रीमान् कार्यकारी निर्देशकज्यू,
निजामती कर्मचारी अस्पताल,
मीनभवन, काठमाण्डौं।

# बिषय: ज्ञापनपत्र ।

महोदय,

उपरोक्त सम्बन्धमा हामीले बिगतमा उठाएका केहि मागहरु पुरा भएतापनि चिकित्सक तथा कर्मचारीहरुका स्थायीत्व लगायतका तपशील बमोजिमका मागहरु हालसम्म पनि पुरा गर्नतिर लाग्नुको सट्टा एकलौटि ढंगले चाकडी र चाप्लुसीको भरमा चिकित्सक तथा कर्मचारीहरुको मनोबल गिर्नेगरि जिम्मेवारीको हेरफेर गर्ने जस्ता नियम बिपरितका कार्यहरु गर्दै आएको प्रति खेद ब्यक्त गर्दै मिति २०७८-१०-०१ गते सम्म पनि तपशिलका हाम्रा मागहरु प्रति गम्भिर नभए २०७८-१०-०२ गते देखि शसक्त र चरणबद्ध आन्दोलनमा जान बाध्य हुने ब्यहोरा अवगत गराउँदै यस बाट उत्पन्न परिस्थितिको सम्पुर्ण जिम्मेबार ब्यवस्थापन स्वयं हुने जानकारी गराउँछौं।

<u>तपशिल:</u>

मागहरु:

१. चिकित्सक तथा कर्मचारीहरुको स्थायीत्व सम्बन्धमा:

यस अस्पतालको पुरानो बिनियमावली अनुसार खुल्ला प्रतिस्पर्धाबाट समावेशी करारमा छनौट भई नियुक्त भएका र लामो समय देखि कार्यरत् सम्पुर्ण चिकित्सक तथा कर्मचारीहरुको स्थायीत्वमा गम्भिर असर पार्ने गरि सम्सोधन गरिएको बिनियमावली २०७७ खारेज गर्ने र पुरानै बिनियमावली अनुसार एक पटकका लागि आन्तरिक प्रतिस्पर्धावाट स्थायी गर्ने अवसर प्रदान गर्नुपर्ने।

हालै लागु गरिएको सेवासुविधाका केहि पक्षहरु अस्पताल र यहाँ कार्यरत चिकित्सक तथा कर्मचारीको हितमा नभएकोले निम्न लिखित कुराहरुमा तत्काल परिमार्जन गरि श्रावण १ गते देखि नै लागु हुनेगरी निर्णय गर्नुपर्ने।

क) चिकित्सक र कर्मचारीहरुको रात्रिकालिन सेवा र अतिरिक्त सेवा (Over Time) बापतको पारिश्रमिकलाई वैज्ञानिक बनाई तत्काल पुनराअवलोकन गरी लागु गर्नुपर्ने। दैनिक ज्यालादारीमा काम गर्ने कर्मचारीहरुलाई जोखिम भत्ता र रात्रीकालिन सेवाभत्ता दिनु पर्ने।

ख) आफ्नो सञ्चित बिदाको उपयोग गर्दा पनि प्रोत्साहन भत्ता काट्ने परिपाटि तत्काल बन्द गरि महिनाको सात दिन सम्मको बिदालाई भत्ता नकाटिने र बाँकि दिनमा बिदा लिए अनुसारको काट्नु पर्ने र सार्वजनिक बिदाको दिनमा काम गरे वापत सट्टा बिदाको ब्यवस्था गरिनु पर्ने।

ग) अस्पतालमा कार्यरत् सम्पुर्ण करार तथा दैनिक ज्यालादारी कर्मचारीको सामाजिक सुरक्षाकोष काट्ने ब्यवस्था गर्नु पर्ने।

३. अस्पतालको सम्पुर्ण आय तथा ब्ययको हिसाबकिताब पारदर्शी बनाउन कार्यकारी निर्देशकको अध्यक्षतामा डाक्टर्स एसोशियसन, नि.क.अ. कर्मचारी संघ, बरिष्ठ चिकित्सक र ब्यवस्थापनका पदाधिकारि सम्मिलित एक शक्तिशाली समिति गठन गर्नु पर्ने। अस्पतालमा हुने सम्पुर्ण कृयाकलाप यसै समितिको छलफल र निर्णय अनुसार गर्नुपर्ने। निर्देशकले आफुखुशी गरेका निर्णयहरु तत्काल फिर्ता गरी आगामी दिनमा जिम्मेवारि दिंदा योग्यता, बरिष्ठता र कार्य मुल्याङ्कनको आधारमा हुनुपर्ने।

४. चिकित्सक तथा कार्यरत कर्मचारीको बृद्धि बिकाशको लागि आवस्यक पर्ने तालिम, सेमिनार र थप अध्ययन सम्बन्धि पारदर्शी र एकरुपता हुने गरी ब्यवस्था गर्नुपर्ने।

५. अस्पताल संचालनका लागि श्रीमान् मुख्यसचिवज्यूको अध्यक्षतामा शक्तिशाली सञ्चालक समिति हुँदा हुँदै मन्त्रालयले छुटै कर्मचारीहरुलाई अस्पतालको जिम्मा दिंदा अस्पतालमा अनावशयक हस्तक्षप भएको र कार्यकारी निर्देशकको भूमिका घट्न गएको हुँदा कार्यकारी निर्देशकलाई थप शक्तिशाली बनाई सम्पुर्ण निर्णयहरु कार्यकारी निर्देशकको सिफारिसमा सञ्चालक समिति मार्फत गर्नुपर्ने।

निर्देशकलाई थप शक्तिशाली बनाई सम्पुर्ण निर्णयहरु कार्यकारी निर्देशकको सिफारिसमा सञ्चालक समिति मार्फत गर्नुपर्ने।

६. अस्पताल सञ्चालक समितिको पदेन सदस्यमा यस अस्पतालको डाक्टर्स एसोसियसनको अध्यक्ष, नि.क.अ. कर्मचारी सघंको अध्यक्ष र अस्पतालको बरिष्ठतम् चिकित्सक गरी तीनजनाको प्रतिनिधित्व हुनुपर्ने।

७. यस अस्पतालका कर्मचारी र उनका परिवारलाई उपचारमा शत प्रतिशत छुट हुनुपर्ने।

८. छ महिना कार्य अवधि पुरा गरेका सम्पुर्ण कर्मचारी (दैनिक ज्यालादारी) समेतलाई एक महिनाको पर्व बिदा र पोशाक भत्ताको ब्यवस्था गर्नुपर्ने।

९. यस अस्पतालमा कार्यरत् स्थायी कर्मचारीहरुको नेपाल सरकारको नियम अनुसार स्तर बृद्धि (बढुवा) गर्नुपर्ने।

**डा. सुमनबाबु मरहट्टा**
अध्यक्ष
डाक्टर्स एसोशियशन अफ सिभिल सर्भिस हस्पिटल

**सन्तोष घिमाल**
अध्यक्ष
निजामती कर्मचारी अस्पताल कर्मचारी संघ

बोधार्थ:

प्रधानमन्त्री तथा मन्त्री परिषद् कार्यालय, सिंहदरवार

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार

निजामती कर्मचारी अस्पताल बिकाश समिति

आधिकारीक ट्रेड युनियन, निजामती कर्मचारी

नेपाल चिकित्सक सघं